# भिमसेनथापा गाउँपालिका

## BHIMSENTHAPA RURAL MUNICIPALITY

### गाउँ कार्यपालिकाको कार्यालय

### Office of the Rural Municipality Executive

खान्चोक, गोरखा
khanchok, gorkha

पत्र संख्या (Reference No.) :- ०७६/०७७ गण्डकी प्रदेश (Gandaki Province)

च.नं. (Dispatch No.) :- १०५१ मिति (Date): २०७७/०१/०३

**विषय : जानकारी सम्बन्धमा ।**

**श्री वडा कार्यालय (८ वटा सवै)**
**भिमसेनथापा गाउँपालिका, गोरखा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय गोरखाको मिति २०७७/०१/०२, च. न. ३९२४ को पत्रसाथ प्राप्त गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार, काठमाण्डौं च. नं.३५४३ मिति २०७७/०१/०२ को पत्रको छायाँ प्रति यसैसाथ संलग्न छ। सो पत्रको व्यहोरा वमोजिम COVID-19 को रोकथामका लागी जारी लकडाउनलाई प्रभावकारी वनाउन सवै नागरिकहरु जो जहाँ रहेका छन त्यहिँ रोक्नुपर्नेमा कतिपय अन्य जिल्लाका कामदारहरु पैदल आफ्नो जिल्ला फर्कने, एक वडावाट अर्को वडामा जाने/आउने तथा आफन्तजनकोमा भेट घाटका लागी जाने/आउने भइराखेको बुझिएकाले आवश्यक भएमा सुरक्षाकर्मी समेत परिचालन गरी जो जहाँ रहेका छन् अनिवार्य रुपमा त्यहि स्थानमा रहने/राख्ने व्यवस्था गर्ने भनी लेखी आएकोले सोही अनुसार त्यस वडाभित्र रहेका सर्वसाधारण नागरिकहरुलाई जानकारी गराउने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७/१/३

(विवेक खनाल)
अधिकृत छैठौं

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार, काठमाण्डौं ।

श्री जिल्ला प्रशासन कार्यालय, गोरखा।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं. - ०६४-४२०१३३
फ्याक्स नं. - ०६४४२०१८९
Email : dao.gorkha@gmail.com
URL : daogorkha.moha.gov.np

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- 2328

मिति :- २०७७/०१/०२

विषय : आवश्यक कार्यार्थ सम्बन्धमा ।

श्री स्थानीय तह सबै गोरखा ।

श्री जिल्ला प्रहरी कार्यालय गोरखा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार, काठमाडौँको च.नं. ३५४३ मिति २०७६/०१/०२ को पत्रको छायाँ प्रति यसै साथ संलग्न गरी पठाईएको छ । व्यहोरा सोही पत्रबाट अवगत गरी आवश्यक समन्वय सहित सोही अनुसार गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

2077/1/2

गणेश प्रसाद भट्टराई
प्रशासकीय अधिकृत

श्री प्र.

प्रस्तुत विषयमा कार्यान्वयनको लागि पत्राचार गर्ने

नेपाल सरकार

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- शा.स.०७६/०७७/०६
चलानी नं.:- ३५४३

मिति: २०७७/०१/०२

विषय:- अत्यन्त जरुरी निर्देशन ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

[प्रस्तुत] विषयमा कोभिड १९ को [बढ्दो] संक्रमण रोकथामका लागि जारी लकडाउनलाई प्रभावकारी बनाउन यसअघि प्रेषित निर्देशन र परिपत्रको व्यहोरा तहाँ अवगत नै छ । कतिपय जिल्लाले आफ्नो जिल्लामा रहेका अन्य जिल्लाका नागरिकहरुलाई जो जहाँ रहेका छन् त्यही रोक्नुपर्नेमा पैदलबाट समेत मानिसहरु आआफ्ना जिल्लातर्फ गइरहेको र मानिस [प्रस्थान] गर्ने शुरु बिन्दुको जिल्लाले रोक्ने प्रयास समेत नगरेको तथा कतिपय जिल्ला भई जाने सडक मार्गमा अनुमति बिनाका [सवारी] साधन समेतले मानिस ओसारपसार गरिरहेको भन्ने बुझिएकोले तत्काल आवश्यक [भए] थप सुरक्षाकर्मी समेत परिचालन गरी जो जहाँ रहेका छन् अनिवार्य रुपमा त्यही स्थानमा रहने/राख्ने आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(अमर दिप सुनुवार)
शाखा अधिकृत

अवगतार्थ
माननीय गृहमन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

बोधार्थ तथा कार्यार्थ
श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।
श्री प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौ ।
श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।